लोक सेवा आयोग

**कर्मचारी सञ्चय कोष, प्राविधिक, सूचना प्रविधि, छैटौं, सहायक प्रबन्धक (सिस्टम) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा**

२०८२।०३।०६

पत्र : प्रथम
समय : २ घण्टा १५ मिनेट

पूर्णाङ्क : १००

विषय : प्राविधिक विषय तथा व्यवस्थापन

**विषयगत**

**समय : १ घण्टा ३० मिनेट**

**अङ्क : ५०**

१. कार्यालयमा गुनासो व्यवस्थापन गर्न किन आवश्यक छ? स्पष्ट गर्दै गुनासो व्यवस्थापनका लागि अवलम्बन गर्न सकिने उपायहरू छोटकरीमा लेख्नुहोस् । २+३=५

२. सामूहिक सौदाबाजीमा ट्रेड युनियनको भूमिकालाई प्रभावकारी बनाउने उपायहरू सुझाउँदै ट्रेड युनियन र व्यवस्थापनबिचको सम्बन्ध व्यवस्थित गर्न कस्तो रणनीतिहरू अवलम्बन गर्न सकिन्छ? छोटो चर्चा गर्नुहोस् । ३+२=५

३. कर्मचारी सञ्चय कोष जस्ता सेवामूलक सरकारी संस्थामा व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित गर्नको लागि के-कस्ता कदमहरू चाल्नु पर्दछ? लेख्नुहोस् । ५

४. विद्यमान अवस्थामा सार्वजनिक सेवा प्रवाहको क्रममा सेवा प्रदायकले सामना गर्नुपरेका समस्याहरू विश्लेषण गर्दै तिनको समाधानका उपायहरू बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् । ३+२=५

५. कर्मचारी सञ्चय कोषको कार्यक्षेत्रहरू उल्लेख गर्दै यसका भावी कार्यक्रम प्रस्तुत गर्नुहोस् । ५

६. सामाजिक सुरक्षा प्रणालीका आधारभूत मान्यताहरू के के हुन्? अन्तर्राष्ट्रिय अभ्याससमेतका आधारमा लेख्नुहोस् । ५

७. नेपालमा सामाजिक संरक्षण कार्यक्रमहरू (जस्तैः बृद्ध भत्ता, एकल महिला भत्ता आदि) ले गरिबी न्यूनीकरणका साथै सामाजिक समावेशीकरणमा खेलेको भूमिकामाथि प्रकाश पार्दै यस्ता कार्यक्रमहरूको दिगोपनमा असर पार्ने कारक तत्त्वहरूको छोटो विश्लेषण गर्नुहोस् । ३+२=५

८. अन्तर्राष्ट्रिय श्रम संगठनको संक्षिप्त परिचय दिंदै यसका मुख्य कार्यहरू उल्लेख गर्नुहोस् । २+३=५

९. कर्मचारी सञ्चय कोष, सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले लिएका प्रमुख नीतिहरूको चर्चा गर्नुहोस् । ५

१०. नेपालको संविधानका मुख्य विशेषताहरू उल्लेख गर्नुहोस् । ५

:: समाप्त ::